# आ.व. २०८१।८२

# (पहिलो त्रैमासिक)

सामाजिक सुरक्षा कोष

२०८१ कार्तिक

# १. परिचय

नेपालको संविधानले प्रत्येक श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भनी मौलिक हकको रुपमा धारा ३४ मा व्यवस्था गरेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को प्रस्तावनामा श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यका साथ सामाजिक सुरक्षा कोषले कार्य गर्दै आइरहेको छ।

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरु प्रारम्भमा औपचारिक क्षेत्रका निजि संगठित क्षेत्रबाट लागू गरेकोमा वैदेशिक क्षेत्र हुदै अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा प्रवेश गरिसकेको र कोषमा आवद्धता संख्या उल्लेखनीय रहेको छ। ऐनको दफा १० मा औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको छ।

कोषले गर्दै आईरहेका मुख्य कार्यहरुमा रोजगारदाता तथा योगदानकर्ताहरुको सूचीकरण, योगदान रकम संकलन, सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको सञ्जाल विस्तार, सामाजिक सुरक्षा योजनाहरु बारे साक्षरता, संकलित रकमको लगानी जस्ता कार्यहरु रहेका छन्।

# २. सूचीकरण

वि.स.२०७५ मंसिर ११ गते देखि संगठित निजी क्षेत्रका प्रतिष्ठान र श्रमिक,वि.स.२०७९ चैत्र ८ गते देखि वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका व्यक्ति र वि.स.२०८० श्रावण ३१ गते देखि अनौपचारिक क्षेत्र, देश भित्र स्वरोजगारीमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविदितै छ| परिणामस्वरुप आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधि सम्मको सूचीकरणको प्रगति विवरण निम्नानुसार रहेको छ ।

| सूचीकरण | | आ.व.२०८०/८१ को अन्त्यसम्मको जम्मा प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिको प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधि सम्मको जम्मा प्रगति |
|---|---|---|---|---|
| औपचारिक | रोजगारदाता (संख्या) | १९२१० | ४६६ | १९६७६ |
| | योगदानकर्ता (संख्या) | ५११९९५ | २५१४५ | ५३७१४० |
| वैदेशिक रो/स्व. | योगदानकर्ता (संख्या) | ९७९१०६ | १७१२८३ | ११५०३८९ |
| अनौपचारिक | योगदानकर्ता (संख्या) | २९५ | ८ | ३०३ |
| स्वरोजगार | योगदानकर्ता (संख्या) | १४४ | ४९ | १९३ |

## ३. योगदान रकम संकलन

वि.स. २०७६ श्रावण ०१ देखि संगठित निजी क्षेत्रका प्रतिष्ठान तथा श्रमिकहरुबाट, चैत्र ८ गते देखि वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका व्याक्ति र वि.स.२०८० श्रावण ३१ गते देखि अनौपचारिक क्षेत्र, देशभित्र स्वरोजगारीमा रहेका व्याक्तिहरुबाट सामाजिक सुरक्षा कोषमा योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको छ| परिणामस्वरुप आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिसम्म योगदान रकम संकलनको प्रगति विवरण निम्नानुसार रहेको छ।

| **रकम संकलन (करोडमा)** | आ.व.२०८०/८१ को अन्त्यसम्मको जम्मा प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिको प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधि सम्मको जम्मा प्रगति |
|---|---|---|---|
| औपचारिक | ५२११.३८ | ७६३.६१ | ५९७४.९९ |
| वैदेशिक रो/स्व. | २१५.५९ | ४२.३२ | २५७.९१ |
| अनौपचारिक | ०.२४ | ०.०८ | ०.३२ |
| स्वरोजगार | ०.१५ | ०.१० | ०.२५ |
| प्रतिफल | ४०२.५४ | ०.०० | ४०२.५४ |
| जम्मा | ५८२९.९ | ८०६.११ | ६६३६.०१ |

नोट : आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधि सम्ममा कोषमा प्रतिफल सहितको जम्मा योगदान रकम रु. ६६३६.०१ करोड पुगेको छ।

## ४. दाबी भुक्तानी

सामाजिक सुरक्षा योजना कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलग—अलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ। औषधि उपचार बापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन, प्रसुती विदा, शिशु स्याहार लगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ। परिणामस्वरूप आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिसम्म गरिएका सम्पूर्ण दाबी भुक्तानीको विवरण देहायबमोजिम रहेको छ ।

| विवरण | आ.व.२०८०/८१ को अन्त्य सम्मको जम्मा प्रगति | | | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिको प्रगति | | | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिसम्मको जम्मा प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दावी संख्या | योगदानकर्ता संख्या | दावी भुक्तानी रकम (करोडमा) | दावी संख्या | योगदान कर्ता संख्या | दावी भुक्तानी रकम (करोडमा) | दावी संख्या | योगदानकर्ता संख्या | दावी भुक्तानी रकम (करोडमा) |
| औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | २८४०८४ | ७१३०९ | १२२.९८ | **५२३३६** | **७९३३** | **१४.७५** | ३३६४२० | ७९२४२ | १३७.७३ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | ६१३५ | ३६७४ | १३.७७ | **६४८** | **३३७** | **०.९५** | ६७८३ | ४०११ | १४.७२ |
| आश्रित परिवार सुरक्षा योजना | १७००३ | ५४१ | १५.८१ | **१९३८** | **४५** | **१.६३** | १८९४१ | ५८६ | १७.४४ |
| वृद्ध अवस्था सुरक्षा योजना | ८७५८० | ८२३४८ | ८३१.६२ | **८२३२** | **७५३१** | **११६.६२** | ९५८१२ | ८९८७९ | ९४८.२४ |
| जम्मा | ३९४८०२ | १५७८७२ | ९८४.१८ | **६३१७९** | **१५८६६** | **१३३.९७** | ४५७९८१ | १७३७३८ | १११८.१५ |

माथि उल्लेखित दावीहरूमध्ये सबैभन्दा धेरै दाबी औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा परेको देखिन्छ। त्यसै गरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन् ।

## ५. आ.व.२०८१/८२ को पहिलो त्रैमासिक कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति

| क्र.स. | कार्यक्रमहरु | भौतिक लक्ष्य | | | | वित्तीय प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | प्र.त्रै लक्ष्य | प्र.त्रै प्रगति | प्र.त्रै प्रगति% | वार्षिक बजेट (हजारमा) | प्र.त्रै लक्ष्य | प्र.त्रै प्रगति | प्र.त्रै प्रगति % |
| १ | सामाजिक सुरक्षा योजना कार्यान्वयन अभियान कार्यक्रम (त्रिपक्षिय,द्दिपक्षीय र अन्य अन्तरक्रिया तथा गोष्ठी) | ७२ | १६ | २१ | १०० | १७३७० | ४३४३ | ७८२.९२ | ३.४० |
| २ | सामाजिक सुरक्षा दिवस (कोष सम्बन्धि प्रचार प्रसार सामग्री उत्पादन, प्रकाशन तथा वितरण) | ७ | | | | १२०० | | | |
| ३ | सामाजिक सुरुक्षा सम्बन्धि कार्यक्रम निर्माण, प्रकाशन तथा प्रशारण (कोषका सुबिधा योजना सम्बन्धि प्रचार प्रसार सामग्री उत्पादन तथा छपाई र प्रकाशन एवं वितरण) | १० | २ | २ | १०० | ८८१० | २२०३ | १८५.१५ | ८.४० |
| ४ | सामाजिक सुरक्षा योजनाहरुको सम्बन्धमा स्थानिय स्तरका प्रतिनिधि एवं सरोकारवालाहरुलाई जानकारी उपलब्ध गराउन आवश्यक प्रशिक्षक, प्रशिक्षण तालिम तथा गोष्ठी (प्रशिक्षण) | २४ | ४ | ५ | १०० | २६४० | ६६० | ९१.३९ | १३.८५ |
| ५ | विज्ञ एवं सरोकारवाला बिच छलफल र विश्वविद्यालय समन्वय तथा अनुसन्धान एवं अन्तर्कृया कार्यक्रम | ५ | | २ | | ४२०० | १०५० | ४३२.०० | ४१.१४ |
| ६ | कोषसंग सम्बन्धित नीति तथा कानून संरचनाको पुनरावलोकन, कोषका रणनीतिहरुको निर्माण तथा समिक्षा कार्यक्रम | ४ | | १ | | १७६० | ४४० | २५८.३० | ५८.७० |
| ७ | सामाजिक सुरक्षा योजना कार्यान्वयनको निरीक्षण, अनुगमन तथा मुल्यांकन र तथ्यांक संकलन अभियान कार्यक्रम | २४ | ४ | ६ | १०० | ३००० | ७५० | १४५.४० | १९.३८ |
| जम्मा | | १४६ | २६ | ३७ | १०० | ३८९८० | ९७४५ | १८९५.१६ | १९.४४ |

## ६. आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिको बजेट खर्च प्रगति

| खर्च शिर्षक | आ.व.२०८१/८२ को वार्षिक कार्यक्रम बजेट(हजारमा) | पहिलो त्रैमाषिक लक्ष्य | खर्च (हजारमा) | खर्च % |
|---|---|---|---|---|
| पूजीगत खर्च (क) | २१८८९४ | ५४७२३.५ | २२२६ | ४.०६७ |
| अनिवार्य दायित्व तर्फको खर्च (ख) | ११९९८० | २९९९५.१ | ८५८२ | २८.६१ |
| कुल प्रशासनिक खर्च (ग) | १७२०२१ | ४३००५.५ | ५८६५ | १३.६४ |
| कार्यक्रम खर्च (घ) | ३८,९८० | ९७४५ | १८९५.१६ | १९.४४ |
| कुल प्रशासनिक अनुमानित बजेट (क+ख+ग) | ५१०८९६ | १२७७२४ | १६६७३ | १३.०५ |
| कुल अनुमानित बजेट (क+ख+ग+घ) | ५४९८७६ | १३७४६९ | १८५६८.१५ | १३.५१ |

## ७. आ.व.२०८१/८२ माइलस्टोन अन्तर्गतको पहिलो त्रैमासिक अवधिसम्मको भौतिक प्रगति

| **माइलस्टोन** | **वार्षिक लक्ष्य** | **इकाई** | आ.व.२०८०/८१ को अन्त्य सम्मको जम्मा प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिको प्रगति | आ.व.२०८१/८२ को पहिलो त्रैमासिक अवधिसम्मको जम्मा प्रगति |
|---|---|---|---|---|---|
| थप रोजगारदाता सूचीकरण गर्ने | १० | जना (हजारमा) | १९.२१० | ०.४६६ | १९.६७६ |
| थप योगदानाकर्ता सूचीकरण गर्ने | १००० | जना (हजारमा) | १४९१.५४० | १९६.४८५ | १६८८.०२५ |

## ८. कोष लगानीको अवस्था

कोषले लगानी कार्यविधि, २०७७ को अधिनमा रही विभिन्न क्षेत्रहरुमा लगानी गर्ने गरेको छ। कार्यविधिकै आधारमा योगदानकर्ता सापटी समेत प्रदान गर्ने गरिएको छ। कोषले आ. व. २०७९ भदौबाट योगदानकर्ता सापटी योजना शुरु गरेको छ। योगदानकर्ता सापटी तथा अन्य लगानी अन्तर्गतको **आ.व. २०८१/८२ को पहिलो** त्रैमासिक अवधि सम्मको प्रगति देहाय बमोजिम रहेको छः

**तालिका नं १ः आ.व. २०८१/८२ को पहिलो** त्रैमासिक **अवधिको लगानी प्रतिफल सारांश**

*रकम (रु.करोडमा)*

| क्र.स. | लगानीका क्षेत्रहरु | प्रतिफल रकम | लगानी रकम | प्रतिफल दर |
|---|---|---|---|---|
| १ | मुद्दती निक्षेप | १४७.२५ | ८,३९३.७० | ६.८९% |
| २ | डिबेन्चर | ९.१५ | ३७१.८१ | ९.६७% |
| ३ | ट्रेजरी विल | ०.५७ | ५४४.८० | २.९३% |
| ४ | विकाश ऋणपत्र | ४.४० | १९८.९० | ८.९९% |
| ५ | योगदानकर्ता सापटी | | ३६८.०० | ६.६१% |
| ६ | म्युचुअल फन्ड | - | ४१.०० | १०%(अनुमानित) |
| | **जम्मा** | **१६१.३७** | ९,९१८.२१ | **७.०२%** |

## ९. आ.व. २०८१/८२ **पहिलो** त्रैमासिक **अवधिमा** कोषबाट भएका अन्य प्रमुख उपलब्धिहरु

- हाल २ वटा शाखा कार्यालय र ४ वटा सम्पर्क कार्यालय संचालनमा रहेकोमा अब सात वटै प्रदेशमा एक एक वटा शाखा कार्यालय संचालनमा ल्याउने निर्णय संचालक समितिबाट स्वीकृत भएको।
- काठमाण्डौ उपत्यका र काभ्रे सहितका स्वास्थ्य सेवा प्रदायक/EHR/EMR/HMIS DEVELOPER हरु बिच कोषको सेवा प्रवाह सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- योगदानकर्ता सापतिको न्युनतम सिमा रु.५० हजारबाट रु.१० हजार बनाउने गरि योगदानकर्ता सापटी निर्देशिका संशोधन भएको।
- लगानी कार्यविधि संशोधन प्रस्ताव संचालक समितिमा छलफल भइ प्रक्रिया अघि बढेको।
- सहवित्तियकरणमा लगानी गर्ने सन्दर्भमा संचालक समिति/विज्ञ बाट सुझाब संकलन गरिएको।
- विमांकिय मुल्यांकन प्रक्रिया प्रारम्भ गरिएको।
- आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिमा सामाजिक सुरक्षा योजना कार्यान्वयनको सन्दर्भमा ३५ बढी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- आ.व. २०८१/८२ को पहिलो त्रैमासिक अवधिमा थप ८ वटा सहित कूल ९३ वटा स्वास्थ्य संस्थासंग स्वचालित प्रणाली जडान (Dedicated line) भई सेवा प्रवाह भइरहेको।
- कोषको पोर्टफोलियो १ खर्व १ करोड ५० लाख पुगेको।
- लगानी सहकार्यको लागि HIDCL संग सम्झौता गरिएको।
- ओमानमा रहेका नेपालि नागरिक माझ सामाजिक सुरक्षा कोष र कोषले उपलब्ध गराउदै आएका सुविधाका बारेमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।